सीमान्तकृत मानिसहरुको सशक्तीकरणमा सामाजिक परिवार !

# समग्र

अंक-३५, भाद्र, २०७०

## भित्र

निर्वाचन आयोगको भ्रमण तथा मतदान शिक्षा कार्यक्रममा सहभागी........................................२

सामाजिक परिवारको परिचय मिलन साप .................................२

कुराकानी शत्रुधन महरा ..........३

राममाया बनिन् सामाजिक अभियन्ता ....................................४

सम्पर्कका लागि ठेगाना:
**समग्र विकास सेवा केन्द्र,**
हस्पिटल मार्ग, चावहिल,
पो.ब. नं. : १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेल:
info@samagra-nepal.org.np,
वेभसाइट: www.samagra-nepal.org

# केन्द्रीय कार्यशाला गोष्ठीबाट बार्षिक योजना अनुमोदन :

२०७० साउन ११ देखि १२ सम्म चेतना केन्द्र, वुडोल काभ्रेमा कार्यक्रम सञ्चालन संवन्धि तथा कार्यकर्ता क्षमता अभिवृद्धि कार्यशाला गोष्ठी सम्पन्न भयो। आर्थिक वर्षको शुरुमा सञ्चालन भएको यस गोष्ठीमा सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, गोरखा, धादिङ्ग, लमजुङ्ग र काठमाडौंमा कार्यरत समग्रका कर्मचारी, स्वयंसेवकहरू गरी २५ जना सहभागी भए। समग्रले आ.व.२०७०/७१ म सञ्चालन गर्ने कार्यक्रमहरूको जानकारी तथा कार्यान्वय गर्ने सीप र क्षमता वढाउने मानवअधिकार, सामाजिक आन्दोलन, कार्यक्रमको अनुगमन तथा मूल्याँकन जस्ता विषयहरूमा क्षमता वढाउने उद्देश्ले गोष्ठी सञ्चालन गरेको हो। ह्गोका मुकुन्द कट्टेल र समग्रका प्रेमराज ढुंगेल, अमर अधिकारी तथा भूवनेश्वर सिंहले सहजीकरण गरेका थिए।

**भिडीयो प्रदर्शन तथा समिक्षा:**
कार्यशाला गोष्ठीमा विगत वर्षहरुमा सामाजिक परिवारसँग मिलेर गरेका काम र विभिन्न सरोकारवालाहरुका अनुभव, तीनका प्रयासद्वारा प्राप्त प्रतिफल र आधारभूत सामुदायमा आएका आधारभूत परिवर्तनका झलकहरु समेटीएको थियो। ग्रामीण महिलाहरुको उत्साहजनक सहभागीता र नेतृत्वदायि भूमिका देख्दा केही सहभागिका कान ढाडा भएका थिए। डकुमेष्ट्रको प्रस्तुति पछि केही थप सुझाव प्राप्त भए ! जसलाई आगामी प्रस्तुतिमा सच्याईने छ।

**उत्कृष्ट अभियानकर्ता पुरस्कृत :**
गत आव २०६९/७० मा उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने



कार्यक्रम अनुसार पहाडक्षेत्रबाट लमजुङ्ग सिमपानीका उत्प्रेरक मीरा भण्डारी र तराई/मधेशको तर्फबाट महोत्तरी निगौलका वरिष्ठ उत्प्रेरक शत्रुघन महरालाई पुरस्कृत गरियो । पुरस्कृत व्यक्तिहरूलाई समग्रका अध्यक्ष कञ्चन लामाले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो । त्यसैदिन समग्रका धादिङ्गमा कार्यरत संयोजकको जन्म दिन परेको हुदाँ सवै सहभागिहरुले सुभकामना दिनुभयो ।





## निर्वाचन आयोगको भ्रमण तथा मतदाता शिक्षा कार्यक्रममा सहभागि:

केन्द्रीय कार्याशाला गोष्ठीका सहभागिहरू श्रावण १३ गते विहान ११:०० वजे निर्वाचन आयोग पुगे। निर्वाचन आयोगमा संग्रहालयको अवलोकन, १९ मिनेटको लोकतन्त्र र निर्वाचनको विषयमा देखाइएका भिडीयो अवलोकनपछि त्याहाको अधिकृतबाट निर्वाचन गर्ने प्रकृयाबारेमा जानकारी प्राप्त गरे त्यसपछि नमूना मतदान अभ्यासमा सहभागि हुदैं निर्वाचन शिक्षाका बारेमा प्रष्ट हुनुका साथै सहभागीहरुले आ- आफ्ना समुदायसम्म पुर्‍याउन प्रतिवद्धता व्यक्त गरे ।



## सामाजिक परिवारको परिचय : मिलन साप

सिरहा जिल्लाको सीतापुर गाविस वडा नं १ मा रहेको मिलन सामाजिक परिवारको गठन २०६२ साल पौष १८ गते भएको हो । यो सामाजिक परिवारमा १७ घरधुरी सदस्य आवद्ध भएका छन् । जसमा महिला १३ जना र पुरुष ४ जनाले घरधुरीको प्रतिनीधित्व गर्दछन् । जातजातीको आधारमा हेर्दा यस सापमा राम र दास थरका घरघुरी संलग्न छन् । यस सापका अध्यक्ष अधिकलाल राम, उनी आफ्ना पूर्व अनुभव सुनाउछन् - "यस सलौखैर गाउँका मानिसहरू आफ्नो परिचय दिन सम्म सक्दैनथे । उनीहरू कुन ैपनि सभा, समारोह, वैठकहरूमा सहभागी हुन पाएका थिएनन् । आफ्ना वालवालिकाहरूलाई समेत विद्यालय पठाउँदैने थिए । महिलाहरू घुम्टो प्रथामा रही परपुरुषको अनुहार सम्म हेर्न पाउँदैनथे । उनीहरूको स्थानीय संघसंस्था, गाविस र अन्य सरकारी कार्यालयहरूमा पहुँच थिएन । गाविस परिषद र विद्यालय व्यवस्थापन समितिमा सहेत हाम्रो प्रतिनीधित्व थिएन् । सदियौ देखि खेती गरेर ३ के.जी धानमा १२ घन्टासम्म काम गराउँने गर्थे । जव सामाजिक परिवार बन्यो हाम्रो गाउँले काचुली फेर्न थाल्यो ।"सामाजिक परिवारलाई आधारभूत मानवअधिकार, सशक्तिकरण, सरकारी र अन्य सेवादायी निकायहरूबाट प्राप्त हुने सेवा सुविधाको वारेमा जानकारी गराउन थालेपछि उनीहरू जुर्मुराउन थालेका हुन् । हरेक महिनाको ५ गते सापको नियमीत वैठक वस्ने गर्दछ । वैठकमा गाउँको समस्याहरूको वारेमा छलफल हुने गर्दछ । त्यसैगरी सापको आफ्नै वचत कोष रहेको छ । उनीहरू मासिक रु १० का दरले वचत गर्दछन् । अहिले उक्त कोषमा २९ हजार भन्दा वढी रकम वचत रहेको छ । त्यस सापका सचिव राम दास भन्नुहुन्छ: "हामीले आफ्नो हक अधिकार थाहापाए पछि गाविस लगायत अन्य सरकारी र गैरसरकारी कार्यालयहरूमा खानेपानी,

आयआर्जन, पुर्वाधार लगायतका कार्यक्रमहरू माग गर्न थाल्यौ । गाउँमा रहेका शोषण, छुवाछुत, झैझगडा तथा आर्थिक अनियमितता आदिका वारेमा अभियान चलाउन थाल्यौं । जसले गर्दा हाम्रो पहिचान हुँदै गयो । हामीलाई गाउँपरिषदमा सहभागी गराउन थालेका छन् । विद्यालय व्यवस्थापन समिति तथा गाउँका अन्य समितिहरूमा हाम्रो प्रतिनिधी छानिनथाले गाविसले दलित र महिलाको लागि वजेट छुट्टाउन थालेको छ । कृषि विकास कार्यालय, भू संरक्षण, भूमिगत जलस्रोत कार्यालय, जि.वि.स., घरेलु कार्यालय, वन कार्यालय र अन्य संघसंस्थाबाट करिब १२ लाख वरावरको सेवा सुविधा ल्याउन भएका छौं । यसले हाम्रो आयआर्जनमा टेवा पुगेको छ । खानेपानीको व्यवस्था भएको छ । उमेर पुगेका वालवालिकाहरूलाई अनिवार्य विद्यालय पठाउनु पर्ने, व्यक्तिगत घटना दर्ता गराउनु पर्ने, मर्दा पर्दा सवै मिलेर सघाउने । आफ्नो घर आगँन सफा राख्ने,



कसैलाई पनि हेलाँ नगर्ने सवैले एकले अर्काको सम्मान गर्ने जस्ता सामाजिक नियम पनि वनाएका छौं ।"अहिले त्यस गाउँका महिलाहरू घुन्टो हटाई निर्धक साथ आफनो भनाई राख्न सक्ने भएका छन् । सवै वालवालिकाहरू विद्यालय जाने गर्दछन् । उनीहरूले ८ घण्टा काम गरेर ७ केजीसम्म धान वा रु.२ सय ज्याला वोनी तोकेका छन् ।

## कुराकानी : शत्रुघन महरा

महोत्तरी जिल्ला निगौल गाविस वडा नं. ९ चमार टोलमा २०२८ साल कार्तिक १० गते जन्मनु भएका शत्रुघन महरा समग्रको जिल्ला उत्प्रेरक हुन् । उनी सोनिया गरीवी कृषि सहकारी संस्थाका उपाध्यक्ष तथा तराई दलित उत्थान केन्द्रको सचिव पनि हुनुहुन्छ । समग्रको यस वर्षको उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत हुनु भएका शत्रुघन महरासँग गरिएको कुराकानीको सारसंक्षेप यस प्रकार रहेको छ ।

**प्रश्नः समग्रको यस वर्षको सर्वोत्कृष्ट कार्यकर्ताको रुपमा छनौट भई पुरस्कृत हुँदा कस्तो महसुस गर्नुभयो ?**

उत्तरः मैले यस भन्दा अघि आस्मान नेपाल लगायत थुप्रै संस्थाहरुमा काम गरिसकेको छु । तर समग्रवाट पहिलो चोटी पुरस्कृत भएको छु । समग्र मात्रै यस्तो संस्था रहेछ जसले कार्यकर्ताहरुको सही मूल्यांकन गर्दोरहेछ भन्ने लाग्यो । पुरस्कृत हुन पाउँदा मेरो हर्षको सिमा रहेन । यो खुशीलाई म कसरी व्यक्त गरुँ म सँग शव्दै छैन । यसवाट अझै मैले आफ्नो भूमिकालाई थप जिम्मेवारीपूर्वक निभाउनु पर्छ भन्ने ठानेको छु ।

**प्रश्नः तपाईले सापको सशक्तिकरणमा के कस्तो भूमिका खेलिरहनु भएको छ ?**

उत्तरः मैले निगौल, गौशला गाविसहरुमा रहेका १२ वटा सामाजिक परिवारहरुको सशक्तिकरणका लागि नियमित वैठक सञ्चालन, मार्गदर्शन, मानवअधिकार सम्वन्धि विषयमा सापहरुलाई तालिम दिने



गर्दछु । छुवाछुत, सामाजिक विभेदका विरुद्धमा सचेतीकरण, अभियान सञ्चालनमा सहयोग गर्दै आएको छु । स्थानीय स्रोत साधनहरुको खोजी, उपयोग गर्न सापसँग दिन रात नभनी खटीरहेको छु । आफूलाई समग्रको कर्मचारी/कार्यकर्ता मात्रै नसोची आफ्नो गाउँको सामाजिक कार्यकर्ता सम्झेर काम गर्दै आएको छु ।

**प्रश्नः समग्रको कार्यक्रमले सापहरुमा आएका परिवर्तनहरु के के हुन् जस्तो लाग्छ ?**

उत्तरः छिन्नभिन्न भएका सिमान्तकृत समुदायका मानिसहरु सापमा आवद्ध भई संगठित भएका छन् । उनीहरुले वचत संकलन गरी विभिन्न आयआर्जनका कार्यहरुमा सहभागि भई आफ्नो आम्दानीमा वृद्धि गरेका छन् । छुवाछुतमा कमी आएको छ । सवै वालवालिका हरु विद्यालय जान पाएका छन् । सबैले व्यक्तिगत घटना दर्ता गर्ने, नागरिकता वनाउने गर्न थालेका छन् । आफ्ना अधिकारका वारेमा उनीहरु सचेत छन् । सेवादायी निकायहरुवाट स्रोत साधानहरुको खोजी गरी परिचालन गरिरहेका छन् । यसवाट सापको विकासमा धेरै टेवा पुगेको छ ।

# राममाया बनिन् सामाजिक अभियन्ता :

"पहिलाको तुलनामा अहिले हेर्दा त सपना जस्तै लाग्छ । पहिला अर्काको मल बोक्दा मात्र पैसाको मुख देख्न पाइन्थ्यो तर अहिले आफै कमाउने भएका छौं । घरमा बँगुर, बोका, भैसी छन् । पहिला घरको एउटा



चल्ला बेच्नुपर्‍यो भने पनि श्रीमान्लाई नसोधी आँट गर्दैनथ्यौ तर अहिले पाडी आफैं हेरेर मोल गरेर किन्न सक्छौं श्रीमान् बाहिर भए पनि बोका आफै बेचेर छोराछोरीको स्कूलको शूल्क तिर्ने, कापी कलम किन्न सक्छौं । आफू र गाउँमा आएको परिवर्तनका बारेमा यसरी फरर भन्दैथिइन् उज्यालोगाउँ गजुरी-१, धादिङ्ग कि २ छोरी र १ छोराकी आमा ३२ बर्षय राममाया विक ।"

पहिला आफ्नो नाम पनि भन्न नसक्ने बोल्नुपर्ला भनेर् डराएर पछाडि लुक्न बस्ने निरक्षर दलित महिला अहिले प्रौढ कक्षा सञ्चालन गरी साक्षंर मात्रै भएकी होइनन् आफूलाई लागेका कुरा निर्धक्क साथ बोल्न सक्ने र अरुलाई तालिम दिने प्रशिक्षक समेत भएकी छिन् । यस्तो परिवर्तन कसरी आयोत भन्ने जिज्ञासामा राममाया भन्छिन् -"श्याम सरको श्रीमती सावित्री विसुन्के सहित ६ दिने भ्रमणमा गएर आएपछि यहाँले नै प्रेरणा दिएर २०६२ सालमा आफूसमेत संलग्न भएर पञ्चकन्या सामाजिक परिवार गठन गर्‍यौं, त्यसपछि विभिन्न तालिम तथा जानकारीहरू पायौं पहिला घरमा खाना पकाउने र अरु घरधन्दामा नै समय वित्थ्यो । अहिले त तरकारी खेती पशुपालन गरिएको छ । गफचुटेर आरुको कुरा काटेर समय खेर फाल्नु भन्दा एउटा बोटमा पानी हाल्यो भने पनि खान पाइन्छ भनेर त्यसैमा व्यस्त हुन्छु ।"

सामाजिक र आर्थिकरुपले आफू सशक्तिकरण भएको विवरण पस्कदै भन्छिन:- समग्रको सरले एक दिन साँझ देखाउनुभएको फिल्म हेरेपछि त्यसबाट पिसाव राखेर मल बनाएको सिकें । अनि इको सामुदायिक, इको सरसफाईको तालिम लिएँ त्यसको प्रयोग गरे । अहिले त त्यसको तालिम अरुलाई पनि

> *गरिवी निवारण कोषबाट प्राप्त रु ६, लाख ५० हजारको घुम्तीकोष छ । त्यसमा थप हाम्रो सापको पनि आफ्नै कोष छ । यसलेगर्दा आयमूलक व्यबशाय गर्न हामीलाई बीऊ पुँजीको कमी छैन । साहूका चोके थापेर महँगो व्याजमा ऋण लिनु पर्दैन ।*

दिनसक्ने भएको छु । अन्य स्थानका समूहहरू हेर्न आउँथे, आएपिच्छे रु १ सय दिन्थे । अरु समूहमा तालिम दिन बोलाउँछन्, गएपिच्छे खाजा कटाएर रु.५ सय पाउँछु । यसरी कमाउने प्रशिक्षक भएको छु । शान्ति नेपालबाट १ हजार लिटरको पानी ट्याँकी पाएको छु । बर्षाको पानी जम्मा गर्छु । आफूले खाने तरकारी आफै उत्पादन गर्ने र बेच्ने गर्छु । रिम्स नेपालले २ वटा बाखा दियो । १८ महिना पछि अरुलाई २ वटा बाखा दिन सक्ने भएँ । आम्दानी पनि थुप्रै भयो, भैंसी पनि किनें । पहिला त खानै पुग्दैनथ्यो । ज्याला एक पाथी धान पाइन्थ्यो । त्यसैले के खानु ? स्याउलाले छाएको पानी चुहिने घर थियो । अहिले खान नपुग्ने कोही छैन । सबैको जस्ताले छाएको घर, टिभी छ, हरेकको हातमा मोबाइल छ । धेरै माथि गएका छौं । पुरुष त यसै पनि कमाउँथे, अहिले त महिला पनि कमाउँन थाले । श्रीमान्हरू बाहिर भए पनि आफै घर चलाउन सक्ने, आफै हिसाब राख्न सक्ने भएका छौं ।

गरिवी निवारण कोषबाट प्राप्त रु ६, लाख ५० हजारको घुम्तीकोष छ । त्यसमा थप हाम्रो सापको पनि आफ्नै कोष छ । यसलेगर्दा आयमूलक व्यबशाय गर्न हामीलाई बीऊ पुँजीको कमी छैन । साहूका चोके थापेर महँगो व्याजमा ऋण लिनु पर्दैन । पहिला सरसफाईको अवस्था राम्रो थिएन । चर्पी थिएन् । बच्चाले बारी, बाटोको डिलमा बसेर दिसा गर्ने गर्थे नाक थुनेर हिड्नु पर्थ्यो । अहिले सबैको घरमा चर्पी छ शान्ति नेपाल र गाविसको साझेदारीमा ५७ घरमा शौचालय निर्माण गर्‍यौं । अहिले धेरै सफा छ । धेरै विरामी हुदैनन् । अस्पतालमा खर्च गर्नु पर्दैन जसले आफ्ना बच्चाहरूलाई स्कूल पढाउँदैन त्यसलाई सामाजिक बहिस्कार गर्ने भनेपछि सबै पठाउने लागेका छन् ।"छुवाछुत तथा अन्य जातीय र लङ्गिक विभेद र मानवअधिकार सम्वन्धी जानकारीको अवस्थाको बारेमा उनी भन्छिन: "पहिला त थाहै थिएन, जसले जे भने पनि सहेर, रोएर बस्नु पर्थ्यो । अहिले त सहन्न आफनो स्वतन्त्रता पूर्वक बाँच्ने अधिकार हो । हामीले पनि त मिहेनत् गरेका छौं तर हामीले मात्रै श्रीमान्को चुटाइ खानुपर्ने ? म आफूले त खानुपरेको छैन, तर अरु दिदी बहिनीले पनि चुटाई खाएको सहन सक्दिन् । त्यस्तो भयो भने तुरुन्तै सापका दिदी बहिनी सक्रिय भइहाल्छौं र कारर्वाही गर्छौं । कति लाईत प्रहरीको मा पुर्‍याइयो । अहिले जुन सुर्के चेतना मूलक त्यालीमा सहभागी हुन्छ । समग्रको कविसरले के पर्‍यो भने कहाँ कुन निकायमा जाने के गर्ने भन्ने जानकारी भएको सामग्रीहरू दिनुभएको थियो । त्यही अनुसार अघी बढ्दा हामीलाई एकदमै सजिलो भयो, हौसला पनि आयो । दलित गैरदलितवीचको मात्रै नभएर दलित दलित बीचको पनि विभेद थियो । यसलाई हटाउन विभिन्न चेतनामूलक अभियान र अभ्यासहरू गर्‍यौं । त्यसबाट पनि पुरै नहटेपछि लहरे पर्म लगायौं । जसको घरमा पर्म पर्छ उसको घरमा पकाएको खाजा सवैले खाने र त्यो पर्म पालैपालो सबै घरमा गर्ने गर्‍यौ यसरी सबैको घरमा पकाएको सबैले खानुपर्ने भयो र खायौ पनि अब त्यो छुवाछुत भेदभाव छैन ।" ●